# जलजला गाउँपालिका
## गाउँकार्यपालिकाको कार्यालय,
लामाखेत, पर्वत

०६९५२२००२

गण्डकी प्रदेश, नेपाल


पत्र संख्या:- ०७७/७८
च.नं.:- 654

मिति : २०७७।०९।०९

**विषय : दिवा खाजा व्यवस्थापन गर्ने सम्बन्धमा ।**

श्री सम्पूर्ण सामुदायिक विद्यालयहरु
जलजला गाउँपालिका ।

चालु आ.वा ०७७।७८ देखि सामुदायिक विद्यालयमा अध्ययनरत बालविकास केन्द्र देखि कक्षा ५ सम्म अध्ययनरत वालवालिकाहरुको लागि दिवाखाजा व्यवस्थापन गर्न प्रति विद्यार्थी रु १५ को दरले विद्यालय संचालन भएका दिनका लागि विद्यालयको खातामा अनुदान निकासा दिने व्यवस्था रहेकोले यस गाउँपालिका अन्तर्गतका सम्पूर्ण सामुदायिक विद्यालयहरुले मिति २०७७।०९।१२ गतेबाट तपसिल बमोजिम दिवा खाजाको व्यवस्थापन गर्नुहुन अनुरोध छ ।

**तपसिल**

दिवा खाजाको मात्रा (४ देखि ९ वर्ष उमेरका वालवालिकाको लागि दैनिक आवश्यक पर्ने बृहद र शुक्ष्म पोषक तत्वको मात्रा :

| पोषक तत्व | दैनिक आवश्यक पोषक तत्वको मात्रा | दिवा खाजाबाट आपूर्ति हुन पर्ने पोषक तत्वको मात्रा (३० प्रतिशत) |
|---|---|---|
| बृहत पोषक तत्व | | |
| क्यालोरी | १८५० | ५५५ |
| प्रोटिन | ५७ | १७ |
| फ्याट (ग्राम) | ४८ | १४ |
| शुक्ष्म पोषक तत्व | | |
| आयोडिन(माइक्रोग्राम) | १२० | ३६ |
| आइरन (मिलीग्राम) | १७।८ | ५।४ |
| जिङ्क | ११।२ | ३।४ |
| भिटामिन ए | ३३ | ११ |
| भिटामिन बी | १२ | ४।१ |

स्रोत : दैनिक पोषक तत्वको मात्रा विश्व खाद्य संगठनबाट प्रकाशित सामग्रीबाट लिएको ।

अर्जुन शर्मा
प्रमुख प्रशासकीय अधिकृत

जलजला गाउँपालिका
**गाउँकार्यपालिकाको कार्यालय,**
लामाखेत, पर्वत

०६९५२२००२

पत्र संख्या:- ०७७/७८
च.नं.:- ६९६

**गण्डकी प्रदेश, नेपाल**


मिति : २०७७०९।०९

**दिवा खाजा कार्यक्रम व्यवस्थापनका सम्भाव्य मोडेलहरु**

विद्यालयबाट दिवा खाजा व्यवस्थापनका सन्दर्भमा तपसिलका मोडेल मध्ये उपयुक्त मोडेल वि.व्य.स. बाट छनौट गरी कार्यान्यन गर्ने ।

१ विद्यालयबाट दिवा खाजा व्यवस्थापन : विद्यालय व्यवस्थापन समितिको निर्णय अनुसार खाजा खुवाउने व्यवस्था मिलाउने यसका लागि स्थानिय स्तरमा उत्पादन हुने खाद्यान्न प्रयोग गरी विद्यालयमा दिवाखाजा तयार गरी विद्यार्थीहरुलाई उपलव्ध गराउने । यसरी व्यवस्था गर्दा दिवा खाजामा हुनुपर्ने आवश्यक मात्रा, स्वछता र पोषक तत्वको सुनिश्चततामा ध्यान पुर्याउनु पर्नेछ। वि.व्य.स.ले अभिभावक, आमा समुह मार्फत व्यवस्थापनको प्रत्यक्ष रेखदेख तथा अनुगमनको व्यवस्था मिलाउन सक्नेछन ।साथै वि.व्य.स. को निर्णयबाट अभिभावक, आमा समुह मार्फत स्थानिय स्तरमा उत्पादन हुने खाद्यान्न प्रयोग गरी दिवा खाजा तयार गरी खुवाउने व्यवस्था मिलाउन सक्नेछन । खाजाका लागि आवश्यक पर्ने मात्रा स्वच्छता र पोषक तत्वका सुनिश्चितताको सम्बन्धमा आमा समुहलाई अभिमुखिकरण गर्नुपर्नेछ । यसरी खाजा व्यवस्थापन गर्दा व्यवस्थापन समितिले नियमित अनुगमन गर्नु पर्नेछ ।

२ न्युन (बालविकास केन्द्र देखि कक्षा ५ सम्म ३० जना भन्दा कम) विद्यार्थी संख्या भएका विद्यालयहरुमा दिवाखाजा विद्यालयमा नै तयार गर्न कठिनाई हुने अवस्था भएमा वालबालिकाहरुको लागि आवश्यक पर्ने मात्रा, स्वच्छता र पोषणतत्वयुक्त हुने गरी दिवाखाजा घरबाटै तयार गरी पठाउने व्यवस्था मिलाउन सकिनेछ । विद्यार्थीले घरबाट ल्याएको खाजा नियमितता र गुणस्तर अनुगमन विद्यालयबाट गर्ने व्यवस्था मिलाउने । यस कार्यको लागि तोकिएको प्रतिविद्यार्थी लागत अनुदान विद्यालयले सम्बन्धित विद्यार्थीको अभिभावकलाई उपलब्ध गराउने ।

विद्यालय व्यवस्थापन समितिको भूमिका :

विद्यालयमा समग्र व्यवस्थापनको मूख्य जिम्मेवारी कानुनी रुपमै विद्यालय व्यवस्थापन समितिको हुने भएकोले मापदण्ड अनुसारको गुणस्तरीय खाजा उपलब्ध गराउने जिम्मेवारी पनि विद्यालय व्यवस्थापन समितिको हुनेछ । समितिको जिम्मेवारी निम्न अनुसार हुनेछ ।

१ विद्यालय दिवा खाजा कार्यक्रमको कार्ययोजना निर्माण गर्ने, सो अनुरुप कार्यान्वयन गर्ने ।
२ विद्यालयमा तोकिएको मापदण्ड अनुरुपको मात्रा, स्वच्छता र पोषक तत्वयुक्त दिवा खाजा व्यवस्थापनको सुनिश्चतता गर्ने।
३ खाजा तयारी, व्यवस्थापन तथा रेखदेखमा अभिभावक आमाहरुको संलग्नता र सहभागिता सुनिश्चित गर्ने ।
४ विद्यालय दिवा खाजाको अभिलेख राख्ने र राख्न लगाउने ।
५ शिक्षणसिकाईको समय न्युन हुन नदिन खाजा तयारी तथा व्यवस्थापनमा शिक्षक संलग्नतालाई सकभर हटाउने ।

६ स्थानीय कृषि उत्पादनबाट दिवा खाजाका लागि आवश्यक खाद्य सामग्री उपलब्ध हुने व्यवस्था मिलाउने ।

७ दिवा खाजा व्यवस्थापनमा देखापरेका समस्या पहिचान गरी समाधानको उपाय अबलम्बन गर्ने ।

८ प्रत्येक शैक्षिक सत्र प्रारम्भ हुनुपूर्व दिवा खाजा व्यवस्थापन तथा कार्यान्वयनको सम्बन्धमा अभिभावक, आमा समुह र शिक्षक स्टाफबीच समीक्षा गरी प्रतिवेदन र वार्षिक कार्ययोजना निर्माण गर्न लगाउने ।

माथि उल्लिखित जुनसुकै मोडेलबाट दिवा खाजा व्यवस्थापन गरिएपनि विद्यालयमा चाउचाउ विस्कुट लगाएत प्याकेटमा आउने कुनै पनि किसिमका खाना दिवा खाजाको रुपमा प्रयोग गर्न पाइने छैन ।

<u>विद्यालयहरुले दिवाखाजाको रकम माग गर्दा संलग्न गर्नुपर्ने कागजातहरू</u>

- दिवा खाजा खाएको विद्यार्थीको दैनिक हाजिरीपुस्तिका (परीक्षामा सामेल भएको दिन समेत) को प्रतिलिपी प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समिति अध्यक्षबाट प्रमाणित गराई शिक्षा, युवा तथा खेलकुद शाखामा पेश गर्ने ।
- अभिभावकले घरबाट खाजा पठाएको हकमा तीन महिनाको एकमुष्ठ भरपाई संलग्न गर्ने ।
- दिवा खाजा कार्यक्रम "सामुदायिक विद्यालयमा दिवा खाजा मापदण्ड तथा कार्यक्रम सहजीकरण पुस्तिका, २०७६" को अधिनमा रहि गर्ने ।

अर्जुन शर्मा
प्रमुख प्रशासकिय अधिकृत